अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ ,    संख्याः २६ ,    गोरखा, फाल्गुन ०४ गते २०८२ साल


**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा बिक्री वितरण सम्बन्धी कार्यविधि- २०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

## स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा बिक्री वितरण सम्बन्धी कार्यविधि- २०८२

# अजिरकोट गाउँपालिका

## स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा बिक्री वितरण सम्बन्धी कार्यविधि- २०८२

## अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भच्चेक, गोरखा
## गण्डकी प्रदेश, नेपाल
## २०८३

| गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२७ |
|---|

# स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा विक्री वितरण सम्बन्धी कार्यविधि- २०८२

स्वीकृत मितिः २०८२/१०/२७

**प्रस्तावनाः** अजिरकोट गाउँपालिकामा परापूर्वकालदेखि धार्मिक, सांस्कृतिक, जातीय पहिचान तथा स्थानीय जीवनशैलीसँग अभिन्न रूपमा जोडिएर प्राकृतिक, जैविक तथा औषधीय गुणयुक्त पौराणिक पेय पदार्थको रूपमा प्रयोग हुँदै आएका स्थानीय मदिराजन्य पदार्थलाई प्रवर्द्धन गर्न आधुनिक प्रविधि र मापदण्ड अनुरूप उत्पादन, संकलन, भण्डारण, गुणस्तर नियन्त्रण, ब्राण्डिङ तथा बजार व्यवस्थापन गरी होमस्टे, स्थानीय होटल तथा कोसेली घरहरु मार्फत बिक्री वितरण गरि परम्परागत रूपमा घरेलु मदिरा उत्पादनमा संलग्न महिलाहरूलाई रोजगारी सिर्जना गरि आर्थिक हित प्रवर्द्धन गर्ने उदेश्यले गाउँपालिका भित्र रहेका होमस्टेहरुलाई लक्षित गरी यो कार्यविधि निर्माण गरिएको छ।

## परिच्छेद १

**१. प्रारम्भ र संक्षिप्त नामः-**

क) यो कार्यविधिको नाम **"स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा विक्री वितरण व्यवस्थापन कार्यविधि- २०८२,"** रहेको छ।

ख) यो कार्यविधि अजिरकोट गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित मितिबाट प्रारम्भ हुनेछ।

ग) यो कार्यविधि अजिरकोट गाउँपलिका भित्र लागू हुनेछ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई जनाउँछ।

(ख) अध्यक्ष भन्नाले अजिरकोट गाउँपालिकको अध्यक्षलाई बुझ्नु पर्दछ।

(ग) "मदिरा" भन्नाले धार्मिक, सांस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणीक पेय पदार्थको रुपमा प्रयोग हुँदै आएको स्थानीय पेय पदार्थ (अन्न, फलफुल, जडिबुटी वा अन्य कुनै वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको पेय पदार्थ) सम्झनुपर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, तोम्वा तथा अन्य मदिराजन्य पेय पदार्थलाई जनाउँछ ।

(घ) "उत्पादन" भन्नाले स्थानीय मदिरा तयार गर्नका लागी आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने, मर्चा मिसाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा स्थानीय मदिराजन्य पेय पदार्थ तयार गर्नको लागी अपानाइने सबै वा कुनै विधी वा कार्य सम्झनुपर्छ।

(ङ) "उत्पादक" भन्नाले गाउँपालिकामा दर्ता भई संचालनमा आएका होमस्टेहरु मध्यवाट मदिराजन्य पेय पदार्थ उत्पादन गर्ने इच्छुक भएका होमस्टे समुहलाई जनाउने छ ।

(च) "ब्राण्डिङ" भन्नाले उत्पादनलाई खाद्यवस्तु गुणस्तर नियन्त्रण प्रयोगशालाबाट परिक्षण गराई त्यसलाई पिउनयोग्य हो भनि प्रमाणिकरण गर्ने प्रकृयालाई सम्झनु पर्दछ।

(छ) "समिति" भन्नाले स्थानीय मदिरा उत्पादन तथा नियमन समितिलाई सम्झनु पर्दछ।

(ज) "होमस्टे" भन्नाले अजिरकोट गाउँपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका होमस्टेलाई सम्झनु पर्दछ।

## ३. कार्यविधिको उदेश्यः

क) बढ्दो जथाभावी घरेलु मदिरा उत्पादन तथा वित्री वितरणलाई नियन्त्रण गर्ने।

ख) स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने

ग) गाउँपालिकामा सञ्चालित होमस्टे तथा स्थानिय खाजा घरहरुको बजारिकरणमा सहयोग गर्ने।

घ) घरेलु मदिरा उत्पादनलाई व्यवस्थित तथा नियन्त्रण गरी गाउँपालिकाको महिला तथा युवाहरुको आर्थिक सशक्तिकरण गर्न सहयोग गर्ने।

४. **लाभन्वित क्षेत्रः** अजिरकोट गाउँपालिका भित्र होमस्टे संचालन गरिएका समुहहरु तथा होमस्टे लाई सप्लाई गर्ने गरी अन्य इच्छुक समूहहरु वा अन्य समुहहरु।

## परिच्छेद-२

## उत्पादन तथा बजारिकरण

**५) स्थानीय मदिराको उत्पादनः** (१) यस गाउँपालिकाको निश्चित क्षेत्रभित्र निश्चित प्रकृया पुर्याई अन्न बाली तथा फलफुलबाट कानून बमोजिम स्थानीय मदिरा उत्पादन ब्रान्डिंग र बिक्री वितरणको लागि होमस्टे समुह तथा अन्य समुहले व्यवसाय सञ्चालन गर्न सकिनेछ ।

२) यस गाउँपालिका भित्र व्यवसायिक रुपमा उत्पादन गरिएको मदिरालाई पालिकाले ब्राण्डिङ गर्न तथा त्यसको परीक्षण गर्न सहजीकरण गर्नेछ।

३) यसरी उत्पादन हुने मदिरा कोदोको मदिरा ह्विस्कीको मापदण्ड अनुसारको र खुर्पानीको मदिरा वाइनको मापदण्ड अनुसारको उत्पादन गरि खाद्य तथा

गुणस्तर प्रयोगशालाबाट त्यसको यूपि (अल्कोहल इकाइ मात्र) बढी २५ प्रतिशत र भि.भि (Volume by Volume) ४२.३ प्रतिशत कायम गरिनेछ।

**६. स्थानीय मदिराजन्य पदार्थको उत्पादनमा नियन्त्रणः** (१) गाउँपालिका स्तरीय एक स्थानीय मदिरा उत्पादन तथा नियमन समिति गठन गरिने छ र स्थानिय मदिरा उत्पादनको लागि इच्छुक होमस्टे तथा समुहले उक्त समितिमा निवेदन पेश गरि अनुमति लिनुपर्नेछ। अनुमतिमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा उत्पादन गर्न पाइने छैन।

(२) स्थानिय मदिराको उत्पादन, ब्राण्डिङ्ग तथा नियमन सम्बन्धी अन्य व्यवस्था संघिय तथा प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

**७. मदिराको बिक्री वितरणमा नियन्त्रणः** (१) कुनै समुहले समितिको अनुमति बिना आफै मदिरा उत्पादन गरि बिक्री वितरण गर्न पाइने छैन। तर, यस दफाले कसैलाई पनि धार्मिक तथा घरायसी प्रयोजनका लागि निश्चित परिमाणमा घरेलु मदिरा उत्पादन गर्न रोक लगाएको मानिने छैन।

(२) स्थानीय मदिराको बिक्री वितरण मुख्य गरि होमस्टे, स्थानिय खाजा घर, होटल, कोसेली घरमा हुनेछ भने मागको आधार अन्य ठाउँहरुमा पनि कानुन बमोजिम बिक्री वितरण गरिनेछ।

(३) यस कार्यविधि बमोजिम गाउँपालिका भित्र सञ्चालित होमस्टे समुह तथा महिला समुह भन्दा अन्यका हकमा यस कार्यविधि बमोजिम घरेलु मदिरा उत्पादनका लागि स्वीकृति प्रदान गरेको मानिने छैन।

**८. स्थानीय मदिरा उत्पादन तथा बिक्री वितरणमा बन्देजः** (१) सार्वजनिक स्थानको चारैतर्फ १०० (एक सय) मिटरको दूरीभित्र पर्ने क्षेत्रमा स्थानीय मदिरा उत्पादन, संकलन, भण्डारण तथा बिक्री वितरण गर्न पाइने छैन। (२) गाउँपालिका भित्र मदिरा विक्रि वितरण गर्दा गाउँपालिकाले निषेधगरको स्थानमा बिक्री विरतण गर्न पाइने छैन।

**९.** गाउँपालिकाले मदिरा उत्पादन तथा नियमनका लागी देहायबमोजिमको एक घरेलु मदिरा
उत्पादन तथा नियमन समिती तयार गर्नु पर्नेछ :

१. होमस्टे संचालकहरु मध्यबाट एक जना अध्यक्ष : संयोजक
२. होटल व्यवसायिहरुको तर्फवाट दुई जना : सदस्य
३. स्थानीय मदिरा उत्पादन गर्ने महिलाहरु मध्यबाट तिन जना : सदस्य
४. सम्बन्धी शाखा हर्ने एक जना कर्मचारी- सदस्य सचिव

## परिच्छेदः ३
## अनुगमन सम्बन्धी व्यवस्था

**१०. स्थानीय मदिरा उत्पादन र बजारीकरण अनुगमन समितिः**
गाउँपालिकाका निश्चित क्षेत्रमा होमस्टे समुहद्वारा उत्पादित स्थानीय मदिरा उत्पादन तथा बजारिकरण अनुगमनको लागि गाउँपालिका स्तरिय एक अनुगमन समिति रहनेछ।

क) उद्योग संचालनमा आएको सम्बन्धित वडाका अध्यक्ष- संयोजक

ख) गाउँपालिका अध्यक्ष द्वारा मनोनित एक कार्यपालिका- सदस्य

ग) राजश्व शाखा हर्ने कर्मचारी- सदस्य सचिव

## परिच्छेदः ४

## बजेट सम्बन्धी व्यवस्थाः

**११.** अजिरकोट गाउँपालिका द्वारा निम्न बमोजिम क्षेत्रमा होमस्टे समुहद्वारा उत्पादित स्थानिय मदिरा उत्पादनमा बजेट बिनियोजन गरिनेछ ।

क) घरेलु मदिरा उत्पादन गर्ने मेशिन /भाडाहरुमा अनुदान

ख) बोटलिङ सप्लाईमा अनुदान

ग. कार्यपालिका द्वारा निर्णय भएमा अन्य कुनै थप क्षेत्रमा अनुदान

घ) सामाग्री तथा बोटलिङ अनुदानमा अधिकतम ६० प्रतिशत सम्म अनुदान प्रदान गरिनेछ भने होमस्टेबाट ४० प्रतिशत लागत साझेदारी हुनेछ ।

ङ) समुहद्धारा यस कार्यविधिमा निर्धारण गरिए बमोजिमका शर्तहरुको अधिनमा रही गाउँपालिकासंग सम्झौता हुनेछ।

च) सम्झौता पछि समुहको निर्णयमार्फत माग गरिएका सामाग्री तथा अनुदानहरुमा गाउँपालिकाद्वारा निर्धारण गरिएको प्रतिशतमा अनुदान वितरण हुनेछ ।

१२. यस कार्यविधिमा उल्लेखित विषय बाहेक अन्य थप विषयमा निर्णय गर्नुपरेमा कार्यपालिकाले आवश्यक निर्णय गर्नसकिने छ।

आज्ञाले,

ज्ञानुराम पन्थी

प्रशासकीय अधिकृत